नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
लमजुङ

फोन नं ०६६५२०१३३-,५२०२५५
फ्याक्स नं ०६६५२०१३४-
इमेल daolamjung@moha.gov.np
वेबसाइट www.daolamjung.gov.np

पत्र संख्याः- ०८०/८१

मिति - २०८०/११/१४
ने.सं. : ११४४ सिल्लागा २ सोमवार

## सरकारी र सार्वजनिक जग्गा संरक्षण सम्बन्धी सूचना

नेपाल सरकारको स्वामित्वमा रहेका र नेपाल सरकारको स्वीकृतिले कुनै सार्वजनिक संस्था (प्रचलित कानून बमोजिम स्थापना भएका प्रतिष्ठान, वोर्ड, प्राधिकरण, संस्थान, विकास समिति, विश्वविद्यालय, विद्यालय, स्वास्थ्य संस्था, कम्पनी वा अन्य सार्वजनिक वा गैरसरकारी संस्था) लाई उपयोग गर्ने गरी उपलब्ध गराइएका सरकारी र सार्वजनिक जग्गा जिल्लामा रहेका छन् ।

सरकारी वा सार्वजनिक वा निश्चित प्रयोजनका लागि उपयोग गर्न दिइएका जग्गा गैरकानूनी वा अनाधिकृत रूपमा दर्ता वा दाखिल खारेज गरी अतिक्रमण वा कब्जा गरेको एवं तोकिएको उद्देश्य भन्दा फरक प्रयोजनका लागि प्रयोग भएको भनी विभिन्न जिल्लाका सञ्चार माध्यममा प्रकाशित घटनावाट देखिएका छन् । त्यसरी अतिक्रमण वा कब्जा भएका जग्गा फिर्ता ल्याउने तथा गैर कानूनी रूपमा जग्गा अतिक्रमण वा कब्जा गर्ने व्यक्तिलाई प्रचलित कानून वमोजिम कारवाही गर्ने कार्यलाई सरकारले प्राथमिकता साथ अघि वढाएको सर्वविदितै छ । यस सम्वन्धमा नेपाल सरकार गृह मन्त्रालयलको मिति २०८०।११।०९ को सार्वजनिक सूचना मार्फत सवैको जानकारीमा आइसकेको छ ।

यस सन्दर्भमा लमजुङ जिल्लामा कसैको निजी हक दर्ता भोगचलनमा रहेको बाहेकको सार्वजनिक एवं सरकारी स्वामित्वमा रहेको ऐलानी, सन्धिसर्पन, गौचरन, घाट आदि जग्गाहरू कानुन विपरीत कसैले आफ्नो नाममा दर्ता गरेको वा खास उद्देश्य वा प्रयोजनका लागि कुनै संस्थाको भोगचलन वा नियन्त्रणमा रहने गरी सुम्पेको वा जिम्मा दिएका सार्वजनिक र सरकारी जग्गाहरू बलजफती अतिक्रमण वा कब्जा गरी निजी रूपमा दर्ता गरेको, दाखिल खारेज वा चलन चलाई हक हस्तान्तरण गरेको, लामो समयसम्म नियन्त्रण वाहिर रहने गरी लिजमा दिएको वा उद्देश्य विपरीत निजी कायम गरी गराई दुरुपयोग गरेको पाइएमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई कानुन बमोजिम कारबारी गरी पूर्ववत सरकारी, सार्वजनिक, सन्धिसर्पन, ऐलानी आदि रूपमा कायम गर्ने प्रयोजनका लागि सो सम्बन्धी सत्य तथ्य सूचना सहितको विवरण संकलन गरी आवश्यक कारवाही प्रक्रिया अगाडि वढाउनु पर्ने भएकोले सरकारी वा सार्वजनिक जग्गा दुरुपयोग गरी दर्ता स्रेष्ता कायम गर्ने गरी निर्णय गरेको र सो को आधारमा दाखिल खारेज गरेको वा हक स्वामित्व कायम गरेको वा त्यसरी कायम भएको स्वामित्वबाट विक्री वितरण गरेको, समय तोकी वा नतोकी भोगाधिकार सृजना गरेको, धितो वन्धक राखेको आदि जुनसुकै प्रकारको गैर कानुनी काम कारवाही सम्वन्धी आफूसँग भएको सूचना वा प्रमाण यस कार्यालयमा उपलब्ध गराइदिनुहुन सम्वन्धित सवैमा अनुरोध छ ।

११/१४
गोकर्ण राज सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी

IT Officer, Website तथा Facebook Page मा Upload गर्नुहोस्
११/१४

दोर्दी गाउँपालिका
दर्ता नं.: २०४८
मिति २०८०/११/१५